गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,८८,४०० ▼ |
| चाँदी | : | ४,०३५ ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २,६२५.९३ (+०.९७) ▲ |
| कारोबार रकम | : | ४,७९७,०२८,९०४.३५ ▲ |
| कारोबार भएका सेयर | : | ९३,६२४,४०७ |
| कारोबार सङ्ख्या | : | ३८,८६९ |
| कारोबार भएका कम्पनी | : | ३४९ |

## खेतमै उम्रियो धान

### वर्षभरि खान पुग्ने धान नष्ट भएपछि परिवारको खाद्यान्न व्यवस्थापनमा समस्या

**गुलरिया समाचारदाता**
*गुलरिया (बर्दिया), असोज २९ गते*

असोजमा आएको हावाहुरी र वर्षाका कारण पाकेर ढलेको धान खेतमै उम्रिएपछि बर्दियाका किसानले ठुलो क्षति बेहोर्नु परेको छ। खेतमा पानी जमेकाले समयमै धान काट्न नसक्दा गुलरिया नगरपालिका–५, थापाटोलका किसानको वर्षभरिको खाद्यान्न नै नोक्सान भएको छ।

थापाटोलका जीवन ओलीले १० कट्ठा क्षेत्रफलमा लगाएको धान पूरै उम्रिएको बताउनुभयो। पाकेको धान हावाहुरी र वर्षाले ढालेपछि खेतमा पानी जमेको र काट्न नसक्दा धानमै टुसा पलाएको उहाँले जानकारी दिनुभयो। "खेतमा पानी धेरै भएकाले ढलेको धान काट्न सकिएन, अहिले पूरै धान उम्रिसकेको छ," उहाँले भन्नुभयो। थापाटोलका पाँच घरपरिवारले लगाएको धान कामै नलाग्ने गरी उम्रिएको उहाँले बताउनुभयो।


किसानका खेतमै उम्रिएको धान।

धान उम्रिएपछि पशुलाई खुवाउनसमेत उपयुक्त नभएको स्थानीय प्रकाश ओलीले बताउनुभयो। वर्षभरि खान पुग्ने धान नष्ट भएपछि परिवारको खाद्यान्न व्यवस्थापनमा समस्या पर्ने उहाँको भनाइ छ।

"वर्षभरि दुःख गरेर लगाएको धान नोक्सान भएको छ," उहाँले भन्नुभयो, "यसअघि परेको पानीले खासै क्षति गरेको थिएन तर असोज २१ गते हावाहुरीसहित परेको मुसलधारे वर्षाले पाकेको धान ढलाएर नोक्सान गऱ्यो।"

धान काट्ने समयमा परेको वर्षा र खेतमा जमेको पानीका कारण किसानले बाली भित्र्याउन नपाउँदै क्षति बेहोर्नु परेको हो। खेतमा ढलेर उम्रिएको धान काटेर किसानले सडक तथा बाटोमा सुकाउन थालेका छन् तर धानको गुणस्तर घटेकाले बिक्री गर्न कठिन हुने किसानको चिन्ता छ।

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाका सूचना अधिकारी फिर्तुमान चौधरीले हावाहुरी र वर्षाका कारण पाकेको धानबाली ढलेर नोक्सान भएको बताउनुभयो। उहाँका अनुसार जिल्लामा करिब ३० प्रतिशत धानबालीमा क्षति पुगेको छ।

जिल्लाभर भएको क्षतिको यकिन विवरण सङ्कलन गर्न स्थानीय तहसँग तथ्याङ्क माग गरिएको उहाँले जानकारी दिनुभयो। स्थानीय तहबाट विवरण प्राप्त भएपछि धानबालीमा भएको क्षतिको विस्तृत अवस्था स्पष्ट हुने कार्यालयले जनाएको छ।

## विपत् 'बन्ड' बनाउन सम्झौता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २९ गते*

भूकम्पबाट हुन सक्ने हानिनोक्सानीका लागि तत्काल वित्तीय स्रोत जुटाउन विपत् बन्ड विकास गर्न नेपाल र विश्व बैङ्क समूह सहमत भएका छन्। यसका लागि क्याटास्ट्रोफी (विपत्) बन्ड विकास गर्न नेपाल र विश्व बैङ्कले कार्यादेश हस्ताक्षर गरेका छन्।

सम्झौताले नेपालको समग्र विपत् जोखिम व्यवस्थापन रणनीतिलाई सहयोग पुऱ्याउन पुँजी बजारको उपयोग गर्न सकिने विषयमा सहकार्यको सुरुवात भएको उल्लेख गरिएको छ।

सम्झौता अनुसार विश्व बैङ्क समूहको ट्रेजरीले नेपाल सरकार र पुँजी बजारमा रहेका लगानीकर्तासँग सहकार्य गरी विपत् बन्ड विकास र जारी गर्न वित्तीय सम्भाव्यता र सम्भावित संरचनाको अध्ययन गर्ने छ।

विश्व बैङ्कले यो पहललाई समूहको स्थापित 'क्याटास्ट्रोफी बन्ड' कार्यक्रमको हिस्सा भनेको छ। यस कार्यक्रम अन्तर्गत समूहले विभिन्न देशलाई विपत्जन्य जोखिम हस्तान्तरण गर्न र प्राकृतिक प्रकोपविरुद्ध वित्तीय सुरक्षा सुनिश्चित गर्न अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच पुऱ्याउन सहयोग गर्दै आएको जनाएको छ।

### पुनर्निर्माणमा सघाउन आग्रह

यसै गरी अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्राकृतिक विपत्तिपछिको पुनरुत्थान र जलवायु–उत्थानशील पुनर्निर्माणमा नेपाललाई सघाउन एसियाली विकास बैङ्क (एडिबी) लाई आग्रह गर्नुभएको छ।



विश्व बैङ्क समूहको ट्रेजरीले नेपाल सरकार र पुँजी बजारमा रहेका लगानीकर्तासँग सहकार्य गरी विपत् बन्ड विकास र जारी गर्न वित्तीय सम्भाव्यताको अध्ययन गर्ने छ।

थाइल्यान्डको राजधानी बैङ्ककमा जारी विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को वार्षिक बैठकका क्रममा एडिबीका अध्यक्ष मासातो कान्दासँगको भेटमा उहाँले यस्तो आग्रह गर्नुभएको हो। भेटवार्तामा अर्थमन्त्री डा. वाग्लेले विपत्पछिको पुनरुत्थान, जलवायु–उत्थानशील पुनर्निर्माण र नेपालका दीर्घकालीन आर्थिक प्राथमिकता अगाडि बढाउन स्रोत परिचालन गर्न अध्यक्ष मासातो कान्दालाई आग्रह गर्नुभएको अर्थ मन्त्रालयले जनाएको छ।

भेटमा अध्यक्ष कान्दाले नेपालको विकासका लागि सहकार्य आफूहरूको उच्च प्राथमिकतामा रहेको बताउनुभयो।

## रेमिट्यान्स उच्च, महँगी पनि बढ्यो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २९ गते*

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिनामै चार खर्ब ३६ अर्ब ३६ करोड रुपियाँ रेमिट्यान्स भित्रिएको छ।

नेपाल राष्ट्र बैङ्कले बिहीबार सार्वजनिक गरेको आव २०८३/८४ को दुई महिना (२०८३ भदौसम्म) को तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति अनुसार गत आवको सोही अवधिको तुलनामा रेमिट्यान्स आप्रवाह २३.९ प्रतिशतले बढेको हो। भदौमा मात्रै दुई खर्ब २१ अर्ब ३१ करोड रुपियाँ रेमिट्यान्स भित्रिएको छ। गत आवको पहिलो दुई महिनामा रेमिट्यान्स आप्रवाह ३३.१ प्रतिशतले बढेको थियो।



समीक्षा अवधिमा अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह १३.५ प्रतिशतले वृद्धि भई दुई अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह २७.६ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) चार खर्ब ६९ अर्ब ४४ करोड रुपियाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय तीन खर्ब ८४ अर्ब ८८ करोड रुपियाँ रहेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको सङ्ख्या ७८ हजार ३२० र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ५२ हजार १६३ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः ९० हजार १९८ र ४५ हजार ८८४ रहेको थियो।

राष्ट्र बैङ्कका अनुसार वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ६.३४ प्रतिशत रहेको छ। कुल विदेशी विनिमय सञ्चिति ४० खर्ब ६५ अर्ब ७८ करोड रुपियाँ रहेको छ। अमेरिकी डलरमा उक्त सञ्चिति २६ अर्ब ४८ करोड रुपियाँ पुगेको छ। यस्तो सञ्चिति १७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

यस्तै चालु खाता एक खर्ब ६९ अर्ब चार करोड र शोधनान्तर एक खर्ब ८७ अर्ब ६८ करोड रुपियाँ बचतमा छ। निर्यात ६१.९ प्रतिशतले र आयात ३१.६ प्रतिशतले बढेको छ।

नेपाल सरकारको खर्च एक खर्ब ९९ अर्ब ८४ करोड र राजस्व परिचालन एक खर्ब ८३ अर्ब २१ करोड रहेको छ। विस्तृत मुद्राप्रदाय १.७ प्रतिशतले बढेको छ भने वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १४.९ प्रतिशतले बढेको छ।

बैङ्क तथा वित्तीय संस्थाको निक्षेप परिचालन ०.९ प्रतिशतले बढेको छ भने निजी क्षेत्रमा प्रवाहित कर्जा १.६ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४.४ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ७.३ प्रतिशत रहेको छ।

बैङ्क तथा वित्तीय संस्थाहरूबिचको भारित औसत अन्तरबैङ्क दर २.७५ प्रतिशत र ९१ दिन अवधि भएको ट्रेजरी बिलको भारित औसत ब्याजदर १.३५ प्रतिशत रहेको छ। वाणिज्य बैङ्कहरूको निक्षेपको भारित औसत ब्याजदर ३.११ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ६.३८ प्रतिशत रहेको छ।

### बढ्यो महँगी

प्रतिवेदन अनुसार उपभोक्ता मुद्रास्फीति ६.३४ प्रतिशत रहेको छ। साउनमा यस्तो मूल्यवृद्धि ५.९६ प्रतिशत थियो। गत आवको भदौमा उपभोक्ता मुद्रास्फीति १.८७ प्रतिशत मात्र थियो।

चालु आवको साउन र भदौमा खाद्य तथा पेय पदार्थ समूहको मूल्यवृद्धि ७.५४ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको ५.६९ प्रतिशत छ। गत आवको सोही अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्यवृद्धि १.३४ प्रतिशतले ऋणात्मक रहेको थियो। त्यस्तै गैरखाद्य तथा सेवा समूहको मूल्यवृद्धि ३.७० प्रतिशत थियो।

## हरित युरिया प्लान्ट स्थापनाका लागि प्रस्ताव आह्वान

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

कृषि, वन तथा पर्यावरण मन्त्रालयले वार्षिक करिब पाँच लाख मेट्रिक टन क्षमताको हरित (ग्रिन) युरिया प्लान्ट स्थापनाका लागि प्रस्ताव आह्वान गरेको छ।

मन्त्री गीता चौधरीको अग्रसरतामा मन्त्रालयले प्लान्ट स्थापनाको अवधारणा, विस्तृत विवरण तथा कार्यान्वयनको ढाँचासम्बन्धी प्रस्ताव माग गरिएको उहाँको सचिवालयले जनाएको छ।

सरकारको मुख्य लक्ष्य वार्षिक पाँच लाख मेट्रिक टन क्षमताको युरिया प्लान्ट स्थापना गर्नु रहेको छ। भविष्यमा मुलुकको आवश्यकता अनुसार हरित युरियाको उत्पादन क्षमता थप विस्तार गर्दै लैजान सकिने रणनीति सरकारले लिएको छ।

व्यावसायिक रूपमा हरित युरिया उत्पादन गर्ने उद्योग स्थापना गर्न इच्छुक स्वदेशी तथा विदेशी कम्पनी, संयुक्त लगानी (ज्वाइन्ट भेन्चर) र कन्सोर्टियमहरूले अवधारणा तथा कार्यविधिसम्बन्धी विस्तृत प्रस्ताव पेस गर्न सक्ने मन्त्रालयले जनाएको छ।

प्राप्त भएका प्रस्तावको सूक्ष्म मूल्याङ्कन गरी उपयुक्त प्रविधि, लगानीको ढाँचा, प्राविधिक चुनौती, आर्थिक सम्भाव्यता र उद्योग सञ्चालनका लागि आवश्यक पर्ने सरकारी सहुलियतका विषयमा स्पष्टता हासिल गरिने मन्त्रालयको जनाएको छ।

इच्छुक कम्पनी तथा लगानीकर्ताले मन्त्रालयको आधिकारिक वेबसाइट www.moafe.gov.np बाट अवधारणापत्र र कार्यविधिसम्बन्धी विस्तृत विवरण प्राप्त गर्न सक्ने छन्।

आवेदकले आफ्नो विस्तृत प्रस्ताव आगामी मङ्सिर १३ गते साँझ ५:०० बजेभित्र मन्त्रालयमा भौतिक रूपमा उपस्थित भई वा मन्त्रालयको आधिकारिक इमेल greenurea@moafe.gov.np मार्फत पठाउन सक्ने व्यवस्था मिलाइएको छ।

## पोखरा विमानस्थलमा 'आरएनपी एआर' जडान हुँदै




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २९ गते*

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा खराब मौसम र कमजोर दृश्य क्षमता (भिजिबिलिटी) मा पनि उडान सञ्चालन गर्न भूउपग्रहमा आधारित प्रविधि (आरएनपी एआर) जडानको प्रक्रिया अघि बढेको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले प्रतिकूल मौसम र कम दृश्यताका कारण हुने उडान अवरोध, डाइभर्ट र उडान रद्द हुने समस्या न्यूनीकरण गर्न भूउपग्रहमा आधारित आधुनिक हवाई मार्गनिर्देशन प्रणाली जडान गर्न प्राविधिक अध्ययन गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडकराज पौडेलले पोखराको हवाई सेवालाई थप सुरक्षित, नियमित र विश्वसनीय बनाउन भूउपग्रहमा आधारित प्रविधि प्रयोगमा ल्याउने तयारी भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आरएनपी–एआर अवतरण प्रक्रिया कार्यान्वयनको प्रक्रिया अघि बढेको छ। यसबाट प्रतिकूल मौसम र कम दृश्य क्षमताका कारण हुने उडान अवरोध, अन्य विमानस्थलमा मोड्नुपर्ने अवस्था तथा उडान रद्द हुने समस्या घटाउन सहयोग पुग्ने छ।"

प्रतिकूल मौसम र कम दृश्यताका कारण हुने उडान अवरोध, डाइभर्ट र उडान रद्द हुने समस्या न्यूनीकरण गर्न भूउपग्रहमा आधारित आधुनिक हवाई मार्गनिर्देशन प्रणाली जडान गर्न प्राविधिक अध्ययन

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार हाल पोखरा विमानस्थलमा रेडियो सङ्केतमा उडान–अवतरण हुँदै आएको छ। विमानस्थलको भौगोलिक अवस्थिति, आसपासका पहाडी भूबनोट तथा प्राविधिक र सञ्चालनसम्बन्धी सीमितताका कारण प्रतिकूल मौसम र कम दृश्यक्षमता भएका बेला उडान सञ्चालनमा चुनौती उत्पन्न हुने गरेकाले प्राधिकरणले भूउपग्रहमा आधारित प्रणाली जडानका लागि प्रारम्भिक अध्ययन अघि बढाएको हो।

उक्त प्रणाली कार्यान्वयनमा ल्याउन विस्तृत प्रक्रिया डिजाइन, प्राविधिक प्रमाणीकरण, सुरक्षा मूल्याङ्कन तथा प्रचलित नियामकीय मापदण्ड अनुसार आवश्यक स्वीकृति प्राप्त गर्नुपर्ने छ। यी प्रक्रिया पूरा भएपछि कम दृश्यता भएका अवस्थामा समेत हवाई उडान सञ्चालन गर्न सहज हुने जनाइएको छ।

उक्त प्रणाली सञ्चालनमा आएपछि प्रतिकूल मौसमका कारण उडानलाई अन्य विमानस्थलमा मोड्नुपर्ने, अवतरण प्रक्रिया पूरा गर्न नसकी पुनः प्रयास गर्नुपर्ने तथा उडान रद्द गर्नुपर्ने अवस्थामा कमी आउने छ। यसले यात्रुलाई थप नियमित, भरपर्दो र सुरक्षित हवाईसेवा उपलब्ध गराउन सहयोग पुग्ने विश्वास गरिएको छ।


**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Roads**
**Federal Roads Supervision and Monitoring Office, Kathmandu**

**Road Division Hetauda, Makwanpur**

**Invitationfor Bids**

**Tender Notice Number: 07/2083/084**
**Date of Publication: 2083/06/30 (October 16, 2026)**

1. Road Division Hetauda invites Sealed Bids (Hard Copy) from eligible bidders for following works:

| S. N. | Contract ID | Work Descriptions & Site | Est. Amount (Without VAT & Contingencies) NRs. | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | TRP/RDHTD/ 33701130/ 083/84-26 | Upgrading of Tribhuvan Rajpath from Miteri Bridge to Ghantaghar Road, Parsa (Chainage 00+000 to 04+000) | N.A. | 60.00 Million | 120 Days/150 Days | 20,000.00 |
| 2 | TRP/RDHTD/ 33701130/ 083/84-27 | Upgrading of Tribhuvan Rajpath from Ghantaghar to Gandak Chowk Road, Parsa (Chainage Km 04+000 to Km 08+054) | N.A. | 55.00 Million | 120 Days/150 Days | 20,000.00 |

2. Information to deposit the cost of Bidding Document & Bid Security in the bank:

| Office Name | District Treasury Controller Office (Ko. Le. Ni. Ka.) Hetauda, Makwanpur | Contract No.: | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Nepal Bank Limited, City Office, Hetauda | All | Oct 26, 2026 (2083/07/09) Time: 11:00 Hrs. | Nov 06, 2026 (2083/07/20) Time: 12:00 Hrs. | Nov 06, 2026 (2083/07/20) Time: 13:00 Hrs. |
| Rajaswa Khata No. | 00101000000001001001 | | | | |
| Rajaswa Shirshak No.: | 14229 | | | | |
| Deposit Account No.: | 02501000002003000001 | | | | |
| Office Code No.: - | 337013201 | | | | |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. A complete set of Bidding Documents shall be purchased from Road Division, Hetauda by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee in the account as specified above till 2083/07/19 [S.No.:(1-2)] during office hours.
5. Sealed bids (Hard Copy) must be submitted to Road Division, Hetauda on or before 12:00 Hrs. on 2083/07/20 [S.No.:(1-2)]. Bids received after this deadline will be rejected.
6. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Eligible Bidders may obtain further information at Road Division, Hetauda (Tel: 057-520311, email: roaddivisionhetauda@gmail.com).

**Division Chief**